# आर्थिक वर्ष २०७७/७८ को
# बजेट तथा कार्यक्रम

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७७ साल असार १२ गते

नेपाल सम्वत् ११४० दिल्लाथ्व पञ्चमी

हिमाली गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु, कर्मचारी साथीहरु, पत्राकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु सर्वप्रथम हिमाली गाउँपालिकाको गाउँ सभाको छैटौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

**“जडीबुटी, जलश्रोत,कृषि र पर्यटन हिमालीको शान,**
**स्वास्थ्य, शिक्षा र रोजगारी सिर्जना गर्ने हाम्रो अभियान ।”**

भन्ने मुल नाराका साथ हिमाली गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।

यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय सुशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । कोभिड-१९ का कारण विश्वभर लाखौं मानिसको ज्यान गुमाई सकेको छ र लाखौं सङ्क्रमित छन् । यस महामारीबाट नेपालमा पनि केही मानिसले ज्यान गुमाई सकेका छन्, हजारौंको संख्यामा सङ्क्रमित छन् भने सयौं मानिस निको समेत भइसकेका छन् । यस विश्वव्यापी महामारीबाट सङ्क्रमित भई नेपालभित्र तथा वाहिर जीवन गुमाउनेका शोकाकुल परिवारजनप्रति हिमाली गाउँपालिका समवेदनाका साथै संक्रमित हुनु हुने नागरिकहरुप्रति शिग्रस्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।

कोभिड-१९ ले मुलुकको अर्थ व्यवस्थामाथि गम्भीर असर पुऱ्याएको छ । यस महामारीबाट हिमाली गाउँपालिका पनि अछुतो रहन सकेको छैन । व्यापार व्यवसाय लगाएत कृषि पेशामा पनि प्रभावित भएको छ । सबै

विद्यालय शैक्षिक संस्थाहरु बन्द छन् । विकास निर्माणका कार्यहरु सोचे अनुरुप अघि बढ्न सकेको छैन ।

कोभिड-१९ को सङ्क्रमण प्रारम्भ भएलगत्तै नेपाल सरकारले अवलम्वन गरेको रणनीति र निर्णय वमोजिम संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग समन्वय गरेर यस रोगको सङ्क्रमण फैलिन नदिन गाउँपालिकाले अहोरात्र काम गरिरहेको छ । सङ्क्रमण थप फैलिन नदिन र यस महामारीमाथी विजय हाँसील गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एक ढिक्का भएर दृढताका साथ लाग्न म सबैमा आह्वान गर्दछु ।

यस जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने प्रतिनिधी सभा तथा प्रदेश सभाका माननीय सदस्यहरु, उपाध्यक्ष, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, गाउँसभाका सदस्यहरु, कार्यालय प्रमुख लगाएत प्रशासनीक कर्मचारीहरु, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वयंसेवक, सुरक्षाकर्मी, सामाजिक संघ संस्था, निजी तथा ब्यावसायिक क्षेत्र, सञ्चारजगत तथा राहत कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरु लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस महामारी सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारको कार्यमा गाउँवासीले दिएको साथ, सहयोग, अगाध माया र ममताबाट प्रेरित भई मैले हिमाली गाउँपालिकालाई कृषिमा आत्मनिर्भर, गरिबी निवारण, रोजगारी सिर्जना गरी सुखी हिमाली वासी र समृद्ध हिमाली गाउँपालिका बनाउने गरी आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

गाउँपालिकाका उपाध्यक्ष ज्यू ,गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु उपस्थित सम्पूर्ण कर्मचारी साथीहरु, पत्राकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु म यस हिमाली गाउँपालिकाको आ.व.२०७७०७८ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आ.व. २०७५/०७६ को यथार्थ आम्दानी र खर्चको विवरण पेश गर्न चाहन्छु ।**

| आम्दानीको स्रोत | आय | व्यय | बाँकी |
|---|---|---|---|
| गाउँपालिकाको चालू, पूँजीगत र समग्र लगायत शिर्षकहरुमा | रु.२७ करोड ९९ लाख ३९ हजार ७ सय ६५ रुपैया ७४ पैसा | रु.२५ करोड ७९ लाख १८ हजार १ सय ३४ रुपैया | रु.२ करोड २० लाख २ हजार १ सय ६३ रुपैया ३ पैसा |

**चालु आ.व. २०७६/०७७ को संशोधित आम्दानी र खर्चको विवरण पेश गर्न चाहन्छु ।**

| आम्दानीको स्रोत | आय | व्यय | बाँकी |
|---|---|---|---|
| चालु तर्फ | रु.१३ करोड १६ लाख ७९ हजार ८सय ९४रुपैयाँ ३७ पैसा । | रु. १२ करोड ५० लाख ९७ हजार ९ सय १३रुपैयाँ ५३ पैसा । | रु.६५ लाख ८१ हजार ९सय ८० रुपैयाँ ८४ पैसा । |
| पुजिगत तर्फ | रु.१९ करोड १४ लाख४हजार ८ सय २० रुपैयाँ । | रु.१८ करोड ६ लाख ६५ हजार १ सय ४४ रुपैयाँ ५२ पैसा । | रु.१ करोड ७ लाख ३९ हजार ६ सय ७५ रुपैयाँ ४८ पैसा। |
| अन्य कार्यक्रम | रु.३ करोड ३५ लाख ७३ हजार । | रु.३ करोड ३५ लाख ७३ हजार । | -00000000। |
| **जम्मा** | **रु.३५ करोड ६६ लाख ५७ हजार ७ सय १४ रुपैयाँ ३७ पैसा ।** | **रु.३३ करोड ९३ लाख ३६ हजार ५८ रुपैयाँ ०५ पैसा ।** | **रु.१ करोड ७३ लाख २१ हजार ६ सय ५६ रुपैयाँ ३२पैसा ।** |

चालु आ.ब.को अन्ततिर विश्वभरी महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाइ (Covid 19) रोकथाम तथा नियन्त्रण गर्नका लागि खडा गरिएको कोषको आय र व्ययको विवरण पेश गर्न गइरहेको छु ।

| आम्दानिका श्रोत | आय | व्यय | वाँकी |
|---|---|---|---|
| प्रदेश | रु.१३ लाख ६५ हजार | रु.११ लाख ५० हजार | रु.२ लाख १५ हजार |
| गाउँपालिकाको | रु. ८९ लाख ६५ हजार ६ सय २४ रुपैयाँ । | रु.४५ लाख ५० हजार | रु.४४ लाख १५ हजार ६ सय २४ रुपैयाँ मात्र । |
| जम्मा | रु.१करोड ३ लाख ३० हजार ६सय २४ रुपैयाँ। | रु. ५७ लाख रुपैयाँ मात्र । | रु.४६ लाख ३० हजार ६ सय २४ रुपैयाँ मात्र। |

**आगामी आ.ब.को अनुमानित आय र व्ययको विवरण पेश गर्न चाहन्छु ।**

हिमाली गाउँपालिकाबाट तयार गरिएका नीति तथा कार्यक्रमलाई सफल कार्यान्वयन गर्न आ.ब. ०७७/०७८ का लागि प्राप्त हुने आयको विवरण पेश गर्न चाहन्छु।

१) आन्तरिक आयको रुपमा कर तथा राजश्वबाट रु ६७ लाख

२) गत वर्षको अल्याबाट रु १ करोड ७३ लाख २१ हजार ६सय ५६ रुपैयाँ ३२ पैसा ।

## संघिय सरकारबाट प्राप्त अनुदान

१) वित्तिय समानिकरण तर्फ रु. ७ करोड ८८ लाख ।

२) राजश्व बाँडफाँडबाट रु. ६ करोड ८८ लाख ३१ हजार ९ सय ९७ रुपैयाँ ।

३) विशेष अनुदानबाट रु. १ करोड ।

## प्रदेश सरकारबाट प्राप्त अनुदान

१) वित्तिय समानिकरणबाट रु. ७० लाख ७ हजार

२) राजश्व बाँडफाँडबाट रु. १० लाख ३२ हजार

३) समपुरक अनुदानबाट रु. १करोड ६० लाख ।

# संघिय सरकाबाट प्राप्त शसर्त अनुदानबाट

१) शसर्त अनुदान रु. ११ करोड १६ लाख ।

२) सामाजिक सुरक्षा तर्फ रु. २ करोड ९४ लाख ।

३) बहुक्षेत्रिय पोषण तर्फ रु. १५लाख ।

आ.ब.२०७७/०७८ का लागि प्राप्त कुल बजेट रु. ३४ करोड ८१ लाख ९२ हजार ६ सय ५३ रुपैयाँ ३२ पैसा मात्र बजेट यस गरिमामय सभामा पेश गर्न चाहान्छु ।

यसै गरी आ.ब. २०७७/०७८ का लागि व्यय तर्फको विवरण पेश गर्न चाहान्छु ।

१) चालु तर्फ रु ७ करोड ६० लाख ।
२) पूजींगत तर्फ रु १० करोड ३६ लाख ९२ हजार ६ सय ५३ रुपैयाँ ३२ पैसा।
३) शसर्त तर्फ रु १६ करोड ८५ लाख ।

**आ.ब. २०७७/०७८ का लागि विषयगत क्षेत्र तर्फ देहायको बजेट विनियोजन गरेको छु ।**

# <u>आर्थिक विकास तर्फ</u>

१) **"एक व्यक्ति ५ रुख सन्तुलित वातावरण र समृद्ध हिमाली गाउँपालिका"** भन्ने नारालाई सहाकार पार्न सफा स्वच्छ र हरियाली वातावरण प्रबर्द्धन गरी स्वाबलम्वी नागरिक निर्माणका लागि खाद्य सुरक्षाको लागि बृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने नीति अनुरुप रोपिएका रुखहरुको संरक्षण तथा सम्बर्द्ध गर्ने नागरिकहरुका लागि खाद्यान्नको व्यवस्थापनका लागि रु. १ करोड बजेटको विनियोजन गरेको छु ।

२) हिमाली गाउँपालिकाको विभिन्न स्थानमा माटो सुहाउदो पकेट क्षेत्रको विकास, स्थानिय रैथाने बालिको संरक्षण, कृषी फर्म दर्ता गरी व्यवस्थितरुपमा सञ्चालन गर्न, मौसमी तथा वेमौसमी तरकारी र फलफुलको उत्पादनमा वृद्धि गर्न, कृषक तथा कृषक समूहलाई आवश्यक पर्ने कृषी औजार तथा उपकरणको व्यवस्था र कृषकहरुले उत्पादन गरेका कृषी उपज वस्तुहरुलाई उत्पादनमा वृद्धि गरी बजारिकरणका लागि सहयोग गर्न रु. ५८ लाख रुपैयाँ विनियोजन गरेको छु ।

३) गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई आर्थिक सामाजिक तथा राजनीतिकरुपमा सक्षम र सवल गराउनका लागि बहुक्षेत्रिय पोषण लगाएतका कार्यक्रमहरु सञ्चालन गर्नका लागि रु. २५ लाख २४ हजार विनियोजन गरेको छु ।

४) हिमाली गाउँपालिका क्षेत्र भित्र भेडा, च्याङ्ग्रा र बाख्राहरुको पकेट क्षेत्र विकास गरि व्यावसायिक पशुपालनमा जोड दिन रु. ५५ लाख बजेट विनियोजन गरेको छु ।

५) पशुपंक्षीहरुको बंश तथा नश्ल सुधार गरी पशुपंक्षीहरुको उत्पादनमा वृद्धि गर्नका लागि उन्नत खालका पशुपंक्षीहरु खरिद गरि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिन, पशुपंक्षीजन्य उद्योगहरुको स्थापना गर्न, सम्पूर्ण पशुतथा पंक्षिहरुलाई आवश्यक पर्ने औषधिको व्यवस्था गर्नका साथै पशुपंक्षिहरुको विकास तथा व्यवसायिकरुपमा पशु पालन गरि स्वावलम्वी नागरिक निर्माणका लागि रु. १० लाख बजेटको विनियोजन गरेको छु ।

६) Covid 19 को प्रभावबाट भारत लगाएत अन्य मूलुक र स्वदेशमा रोजगारी गुमाएका नागरिकहरुको तथ्याङ्क संकलन गरि तिनिहरुको सिप विकास तथा क्षमताको आधारमा रोजगारी सृजना गर्नका लागि प्रधानमन्त्रि रोजगार कार्यक्रम र गाउँपालिकाबाट आवश्क योजनाहरु सञ्चालन गरि वेरोजगार नागरिकहरुलाई रोजगारी दिनका लागि रु. ५१ लाख ९९ हजार बजेटको विनियोजन गरेको छु ।

७) हिमाली गाउँपालिकामा पाइने अल्लो, केतुके र लोक्ता लगाएतका जडीबुटीहरुलाई प्रशोधन गर्नका लागि उद्योगको स्थापना, गाउँपालिका स्थापना भए देखि नै विभिन्न क्षेत्रमा सिप मूलक तालिम लिइ राखेका व्यक्तिहरुको स्तर उन्नती गर्न र थप जनशक्तिहरुलाई आवश्यक सिपमूलक तालिम दिई दक्ष जनशक्ती निर्माण गर्नका लागि ३०लाख बजेटको विनियोजन गरेको छु।

८) हिमाली गाउँपालिकाको समग्र पर्यटकिय क्षेत्रको संरक्षण सम्बर्द्धन, र्‍याफ्टीङ्ग लगाएतका पर्यटकिय क्रियाकलापहरुको सञ्चालन तथा व्यवस्थित

पर्यटकिय स्थलहरुको विकास गर्न आवश्कता बमोजिमका ऐतिहाँसिक धरोहर, मठमन्दीर, गुम्बा लगाएत सम्पदाहरुको निर्माण गर्न, स्थानिय परम्परागत कलाकृती, मौलिक साँस्कृतिक तथा परम्परागत रितिरिवाजको संरक्षण डकुमेन्ट्री निर्माण गरि विभिन्न सञ्चारका माध्यमबाट प्रचारप्रसार गरीनुका साथै उक्त डकुमेन्ट्रीलाई अभिलेखिकरण गर्न रु. ५३ लाख बजेटको विनियोजन गरको छु।

# सामाजिक विकास तर्फ

१) हिमाली गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षकहरुलाई समयानुकुल तालिमको व्यवस्था, प्रतिस्पर्धी वातावरणको सृजना गरि विद्यार्थी शिक्षक अनुपात अनुसार स्वयम् सेवक शिक्षकहरुको नियुक्ति गर्न, प्रारम्भिक बालविकासका सहजकर्ताहरु/विद्यालय कर्मचारीहरुलाई आवश्यकता अनुसार तलब वृद्धि गर्न, विद्यालयको भौतिक संरचना निर्माण गरि पठन-पाठनमा सहजता ल्याउनका लागि आवश्कता बमोजिमका विद्यालयहरुको संरचना निर्माण गर्न, प्राविधिक शिक्षालयको स्थापना गर्न, शिक्षामा सबैको पहुँच वृद्धि गर्नका लागि लक्षित बर्गका बालबालिकाहरुलाई छात्रवृतीको व्यवस्था गर्न, समयमानै पाठ्यपुस्तकको व्यवस्था गर्न, निर्दिष्ट सूचकका आधारमा नमूना विद्यालयहरु घोषणा गरि अनुदान बजेटको व्यवस्था गर्न तथा आवश्यक शैक्षिक क्रियाकलापहरु सन्चालन गर्नका लागि रु. २ करोड ४२ लाख १२ हजार ७ सय रुपैयाँ बजेट विनियोजन गरेको छु।

२) **"म स्वस्थ मेरो पालिका स्वस्थ"** भन्ने नारालाई साकार पार्न, समुदायमाथी आइ पर्ने विभिन्न सर्ने तथा नसर्ने रोग र महामारी माथि विजय हाँसिल गर्न, आफ्नो समुदायलाई पूर्ण सरसफाइ गर्न, सहज स्वास्थ्यको पहुँच उपलब्ध गराउनका लागि प्रत्येक वडामा स्थापना गरिएका आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु र स्वास्थ्य चौकीहरुको आवश्यक भौतिक संरचनाहरुको सुधार गर्न तथा उक्त स्वास्थ्य संस्थाहरु सन्चालनका लागि आवश्यक पर्ने औषधी तथा उपकरणहरु खरिद गर्न र नागरिक सँग सम्बन्धित विभिन्न जनस्वास्थ्यका क्रियाकलापहरु सन्चालन गर्न रु. १ करोड ४६ लाख २१ हजार बजेट विनियोजन गरेको छु ।

३) गाउँपालिकाको समग्र स्वास्थ्य सेवालाई नागरिकहरुको घरदैलोमा पुऱ्याई स्वास्थ्य सेवाको उपभोगलाई सरल बनाउनु हुने सम्पूर्ण महिला स्वयम् सेवकलाई धन्यवाद दिँदै उक्त महिला स्यवम् सेविकाहरुलाई आवश्यक प्रोत्साहन भत्ताका लागि आवश्यक बजेटको बिनियोजन गरेको छु ।

४) विश्वभरी महामारिका रुपमा फैलिरहेको नोवेल कोरोना भाइरस रोकथाम तथा नियन्त्रण गर्न, उक्त रोग रोकथाम तथा नियन्त्रणमा खटीने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई जोखिम भत्ताको व्यवस्था लगाएत Covid 19 सँग सम्बन्धित क्रियाकलापहरु सन्चालन गर्न रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

५) नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि टेक्निसियन ल्याब सहित जनशक्ती भएको गाउँपालिकाको केन्द्रमा १५ शैयाको हस्पिटल निर्माण गर्नका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

६) गाउँपालिकामा बसोबास गर्ने ज्येष्ठ नागिरक, असाहय, एकल तथा गर्भवती महिला र बालवालिका लगाएत नागरिकहरुको स्वास्थ्य स्थीति सुधारका लागि घुम्ति स्वास्थ्य सेवा र आवश्यक स्थानमा स्वास्थ्य शिविर सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था मिलाइने छ ।

७) गाउँपालीका स्थापना भए देखिनै नागरिकलाई सहज तरिकाले खानेपानीको उपलब्ध गराउन विभिन्न खानेपानी आयोजनाहरुको निर्माण गरिएको र उक्त खानेपानी आयोजनाहरुलाई थप सुरक्षित र सफा खानेपानीको व्यवस्था गर्नुका साथै आवश्यक पर्ने स्थानहरुमा खानेपानी आयोजनाहरु निर्माण गर्न रु. २० लाख बजेट विनियोजन गरेको छु ।

८) गाउँपालीकाको समग्र खेलकुद क्षेत्रको विकासको लागि गाउँपालीकाको केन्द्रमा खेलकुद रङ्गशाला निर्माण, राष्ट्रपति तथा अध्यक्ष कप लगाएतका खेलकुद प्रतियोगिताहरु सन्चालन तथा खेलसँग सम्बन्धित अतिरिक्त क्रियाकलापहरुलाइ निरन्तरता दिनका लागि रु. १६ लाख बजेट विनियोजन गरेको छु।

९) गाउँपालिकामा लागु भएका सम्पूर्ण सरकारी तथा गैरसरकारी संघसँस्थाहरुबाट प्रदान गरिने सेवाहरुलाई एकद्वार प्रणालीबाट सञ्चालन गरि नागरिकहरुलाई सेवाको अनुभुती हुने गरि सेवा प्रदान गर्नका लागि आवश्यकता अनुसार क्षेत्रमा गाउँपालिकाले साझेदारी गर्नका लागि रु ३० लाख बजेट विनियोजन गरेको छु ।

# पूर्वाधार विकास तर्फ

१) हिमाली उज्यालो बनाउने अभियानलाइ साकार बनाउन तपशिल बमोजिमका निर्माणाधिन तथा निर्माण हुने आयोजनाहरुको निर्माण गर्ने र तत्काल विद्युत सेवा उपलब्ध हुन नसक्ने स्थानहरुमा वैकल्पिक उर्जाको व्यवस्था गरि उक्त स्थानहरुमा उज्यालोको प्रबन्ध मिलाउन रु. ९० लाख बजेट विनियोजन गरेको छु ।

**क.** कुवाडी खोला जलविद्युत आयोजना

**ख.** घट्टेखोला जलविद्युत आयोजना

**ग.** विच्छयाँ खोला जलविद्युत आयोजना

२) भौगोलिक कठिनाई, आर्थिक अभावको वावजुद नागरिकहरुलाई यातायातको पहुँचमा ल्याउन हालसम्म निर्माण भएका र निर्माणाधिन तपशिल बमोजिमका सडकहरुलाई निर्माण गरि सबै वडा कार्यालय लगाएत बस्तीहरुलाई सडक सञ्जालसँग जोड्नको लागि रु. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु।

क. धुलाचौर धिम हुदै पाँडी सडक

ख. धुलाचौर फैती हुदै बोर्ता सडक

ग. धुलाचौर कवाडी हुदै विच्छयाँ सडक

३) हिमाली गाउँपालिका भौगोलिक हिसाबमा ठुलो र विकट भएकाले एक बस्तीबाट अर्कोवस्ती सम्म जानको लागि भएका अफ्ठ्यारा घोरेटो बाटोहरुलाई सहज बनाउनका लागि आवश्कता बमोजिमका उक्त बाटाहरु निर्माण गर्नका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु।

४) हिमाली गाउँपालिकाको समग्र खेतियोग्य जमिनलाई सिचाइको सुविधाका लागि विभिन्न आयोजनाहरु निर्माण गरिने कार्यलाई उच्च प्राथामिकता दिइदै आइरहेको र स्थान विशेष सिचाइ सुविधाको व्यवस्था गरि कृषिमा उत्पादकत्व वृद्धि गर्नका लागि आवश्कता बमोजिमका सिचाइ आयोजनाहरु सन्चालन गर्न रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

५) गाउँपालिकामा पूर्वाधार विकास गरि समृद्ध गाउँपालिका बनाउने कार्य क्रमश जारिनै रहिरहेको छ जस अन्तर्गत यस हिमाली गाउँपालिका अन्तर्गत रहेका विभिन्न स्थानका काठे एवं ढुङ्गे पूलहरुलाई विस्थापित गर्दै तपशिल बमोजिमका स्थानहरुमा झोलुङ्गे पूल निर्माण गर्न रु. २८ लाख बजेट विनियोजन गरेको छु।

क. सुप खोला

ख. छिम्दु खोला

ग. सिमपानी खोला ( घट्टेगाड )

६) गाउँपालिकाको समग्र क्षेत्र भित्र बाढी पहिरो भुक्षयको नियन्त्रण तथा रोकथामका लागि आवश्यकता अनुसारको स्थानहरुमा तट्बन्धन निर्माणका लागि रु. ३० लाख बजेटको विनियोजन गरेको छु।

७) सूचना तथा सञ्चार सेवालाई नागरिकहरुको पहुँच योग्य बनाउनका लागि सबै वडा कार्यालयहरु र बस्तीहरुमा इन्टरनेट सहितको टेलिफोन र एफ एम रेडियोको समेत व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

८) प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरि सुशासन कायम गर्न हाम्रा अग्रज व्यक्तित्वहरुलाई सम्झिन गाउँपालिकाको केन्द्र धुलाचौरमा वि पि स्मृती सङ्ग्राहलय भवन निर्माणका लागि रु. २० लाख बजेटको व्यवस्था गरेको छु ।

९) हिमाली गाउँपालिकाको प्रशासकिय भवन हाल सम्म करिब २५ प्रतिशत सम्मको निर्माण कार्य सम्पन्न भएको हुदा सो भवनको निर्माण कार्यलाई निरन्तरता दिन रु. १ करोड बजेट विनियोजन गरेको छु।

१०) गाउँपालिकाको समग्र सुरक्षाको लागि गाउँपालिका क्षेत्रलाई घेरबार गर्नका लागि रु. २४ लाख बजेट विनियोजन गरेको छु।

११) गाउँपालिकामा हाल सम्म निर्माण भएका समग्र आयोजना तथा संरचनाहरुको प्राकृतीक कारण क्षेती भएमा उक्त संरचनाहरुलाई दुरुस्त बनाई नागरिकको सेवामा सहजता ल्याउनका लागी रु. ५० लाख बजेट विनियोजन गरेको छु।

# वातावरण तथा व्यवस्थापन तर्फ

१) हिमाली गाउँपालिकाका नागरिकहरुमाथि आइ पर्ने बाढी, पहिरो, भुक्षय, खडेरी, आगालागी, सर्ने तथा नसर्ने रोगहरुको महामारीमाथि विजय हाँसिल गरि सहज जिवनयापन गर्नका लागि रु. ३० लाख बजेट विनयोजन गरेको छु।

२) **स्वच्छ वातावरण र सफा गाउँपालिका** निर्माण गर्नका लागि गाउँपालिकाको केन्द्र धुलाचौर तथा आवश्यकता अनुसार अन्य स्थानमा फोहोर जम्मा गर्नका लागि डम्पिङ्ग खाडलहरु निर्माण गरि व्यवस्थित फोहोर विसर्जन गर्ने आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

# सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ

१) गाउँपालिकाका नागरिकलाई गुणस्तरिय सेवा प्रदान तथा छिटो, छरितो, पारदर्शि र मितव्ययी तरिकाले सेवा प्रदान गर्न आवश्यक सफ्टवेयर खरिद तथा व्यवस्थापन गर्न, सवारी साधनको खरिद गर्न र कर्मचारी/जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्थाका लागि रु. ३० लाख बजेटको विनियोजन गरेको छु ।

२) हिमाली गाउँपालिकामा बसोबास गर्ने दलित, महिला, जनजाती, अल्पसंखेक तथा सिमान्तकृत बर्गहरुलाई राज्यको मूल प्रवाहमा ल्याउन विभिन्न सिपमूलक तालिम, जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा अन्य आवश्यकता अनुकुल उक्त बर्गहरुको समग्र विकासका लागि रु १०लाख बजेट विनियोजन गरेको छु।

३) समाजमा परम्परा देखि नै जरा गाडिराखेका सामाजिक कुप्रथाहरुलाई निर्मूल गर्नका लागि सचेतनामूलक कार्यक्रम, आवश्यकता अनुरुप सामग्रीको व्यवस्था तथा समयमानै न्यायको उपलब्धता लगाएत क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

४) गाउँपालिका भित्रका ६५ वर्ष भन्दा माथि र ७० वर्ष भन्दा तलका ज्येष्ठ नागरिकहरु र ग र घ बर्गका सम्पूर्ण अपाङ्गहरुलाई वितरण गर्दै आइरहेको सामाजिक सुरक्षा भत्ताको लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

५) गाउँपालिका भित्र रहेका अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुको पहिचान गरि समयानुकुल स्थान र समयमा परिचय पत्र वितरण कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु।

६) समृद्ध, सुरक्षित र सन्तुलित गाउँपालिका निर्माणका लागि आवश्यकता अनुसार सल्लाहकार, विषय-विज्ञ, मेलमिलाप कर्ता, गाउँ प्रहरी लगायत अन्य जनशक्तिको नियुक्ति तथा सेवा परामर्श लिनको लागि रु. २५ लाख बजेटको विनियोजन गरेको छु।

७) नागरिकलाई प्रदान गरिने सेवाको गुणस्तरमा वृद्धी गरि सुशासनयुक्त गाउँपालिका बनाउन नागरिक वडापत्र, सोधपुछ कक्ष, गुनासो सुनुवाइको व्यवस्था, सामुदायिक मेलमिलापको स्थापना र समय समयमा सार्वजनिक सुनुवाइको व्यवस्था लगाएतका क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

# अन्य पूँजीगत तर्फ

१) संघिय सरकार, प्रदेश सरकारको वार्षीक नीति तथा कार्यक्रम र हिमाली गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रमलाई सहयोग पुग्ने खालका भैपरी आउने आयोजना तथा क्रियाकलापहरु सञ्चालन गर्नका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

उपाध्यक्ष ज्यू तथा गाउँसभाका सदस्यहरु आगामि आ .ब.मा सञ्चालन हुने योजना तथा आयोजनाहरुलाई प्राथमिकरण गरि तपशिल बमोजिम राखेको छु ।

## विद्यालय भवन निर्माण तर्फ

१.ने.रा. आ.वि. भवन निर्माण वडा नं. ४

२.चण्डिका आ.वि. भवन निर्माण वडा नं. ६

३.बुढीनन्दा आ.वि. भवन निर्माण वडा नं. २

४.खोलीडाँडा आ.वि. घेरबार निर्माण वडा नं. ६

५.भवानी मा.वि. घेरबार निर्माण वडा नं. ६

६.हिमालभक्त आ.वि. घेरबार निर्माण वडा नं. ३

७.बागेश्वरी मा.वि. भवन निर्माण वडा नं. ५

८.कुलमष्टाजन आ.वि. भवन निर्माण वडा नं. ५

९.सुनन्दा आ.वि. घेरबार निर्माण वडा नं. १

१०. लवासुर आ.वि. भवन निर्माण वडा नं. २

११. यूना आ.वि. भवन निर्माण वडा नं. ३

१२. सरस्वती आ.वि. फिल्ड निर्माण वडा नं. ५

१३. गंगा आ.वि. घेरबार निर्माण वडा नं. ३

१४. शैलेश्वरी छात्रवास भवन निर्माण वडा नं. ४

## सिचांई कुलो निर्माण तर्फ

१.बाँधु सिचाई ट्याङ्की तटबन्ध निर्माण वडा नं. ७

२.बाँधु ओखर रुख देखि बाहिर भागसम्म सिचाई कुलो निर्माण वडा नं. ७

३.बोल्ढीक सिचाई कुलो निर्माण वडा नं. ६

४.मुसेकुलो सिचाई कुलो निर्माण वडा नं. ६

५.नाफी सिचाई कुलो निर्माण वडा नं. ६

६.गढे ढिकुरे सिचाई कुलो निर्माण वडा नं. ६

७.भिरकुलो सिचाई कुलो निर्माण वडा नं. ६

८.अधारी खोला सिचाई कुलो निर्माण वडा नं. ६

९.पारीखेत सिचाई कुलो निर्माण वडा नं. ६

१०. पनेरा सिचाई कुलो निर्माण वडा नं. ६

११. बाहुन पनेरा देखि मेहलसम्म सिचाई कुलो निर्माण वडा नं. ४

१२. ढिलघट्ट देखि पारी जिउला सिचाई कुलो निर्माण वडा नं. ४

१३. आधी खेत सिचाई कुलो निर्माण वडा नं.५
१४. घट्टे बगर सिचाई कुलो निर्माण वडा नं. ३
१५. चौडिला खाँडगैरो सिचाई कुलो निर्माण वडा नं.५
१६. माझ बिउरी सिचाई कुलो निर्माण वडा नं.५

**<u>खानेपानी निर्माण तर्फ</u>**

१) बालाफुगी खानेपानी निर्माण वडा नं. ७
२) बाँधु खानेपानी तटबन्ध निर्माण वडा नं. ७
३) धिम रिजर्भ ट्याङ्की निर्माण वडा नं. ६
४) बोर्ता खानेपानी निर्माण वडा नं. ४
५) फुलई खानेपानी निर्माण वडा नं. ३
६) माई खानेपानी निर्माण वडा नं. ३
७) लौना बाटा खानेपानी निर्माण वडा नं. ३
८) जिने खानेपानी निर्माण वडा नं. २
९) ठुलाकोट खानेपानी मर्मत वडा नं. २
१०) सिमपानी, गोरुगह, बल्दमाण्डौ खानेपानी निर्माण वडा नं. १
११) बिच्छ्याँ वस्ती खानेपानी निर्माण वडा नं. १
१२) लेख बक्षा खानेपानी निर्माण वडा नं. ५
१३) बिउरी खानेपानी निर्माण वडा नं. ५
१४) रिठा कुवाडी खानेपानी निर्माण वडा नं. ५
१५) काठे कोइराला खानेपानी निर्माण वडा नं. ५
१६) रुगिन स्वास्थ्य चौकी खानेपानी निर्माण वडा नं. ५
१७) बिच्छ्याँ स्वास्थ्य चौकी खानेपानी निर्माण वडा नं. १

**<u>सडक निर्माण तर्फ</u>**

१.घटमुना देखि ठानासम्म सडक निर्माण वडा नं.७
२.धुलाचौर धिम पाँडी सडक निर्माण वडा नं.६
३.फैती देखि बोर्ता सडक निर्माण वडा नं.४
४.धुलाचौर देखि फैती सडक स्तर उन्नती वडा नं.४

५.कुवाडी बिच्छ्याँ सडक निर्माण वडा नं. १,२ र ३

**घोरेटो बाटो निर्माण तर्फ**

१.हुनीखोला देखि कापुचौर घोरेटो बाटो निर्माण वडा नं. ६

२.झिनी गुम्लु घोरेटो बाटो निर्माण वडा नं. ६

३.बाँधु देखि बालाफुगीसम्म घोरेटो बाटो निर्माण वडा नं. ७

४.बाँधु देखि पाँडीसम्म घोरेटो बाटो निर्माण वडा नं. ७

५.चाटा खोला देखि लेक बोर्ता घोरेटो बाटो निर्माण वडा नं. ४

६. फैती देखि साँकासम्म घोरेटो बाटो निर्माण वडा नं. ४

७.फैती देखि फालासम्म घोरेटो बाटो निर्माण वडा नं. ४

८.कोट ग्याम्चु घोरेटो बाटो निर्माण वडा नं. ५

९.नेटडाँडा ओखरडाँडा घोरेटो बाटो निर्माण वडा नं. ५

१०. सिउडेनी देखि नातीखोलासम्म घोरेटो बाटो निर्माण वडा नं. २

११. भुसकोट देखि भ्याउचौरसम्म घोरेटो बाटो निर्माण वडा नं. २

१२. भ्याचौर देखि कोटसम्म घोरेटो बाटो निर्माण वडा नं. २

१३. गोर्चन देखि भेरी खाटेसम्म घोरेटो बाटो निर्माण वडा नं. २

१४. माथिल्लो रुम्दी घोरेटो बाटो निर्माण वडा नं. २

१५. मुर्कु देखि सिसेरासम्म घोरेटो बाटो निर्माण वडा नं. ३

१६. छालगौडा घोरेटो बाटो निर्माण वडा नं. ३

१७. कालाढुङ्गा देखि खारपाटासम्म घोरेटो बाटो निर्माण वडा नं. ३

१८. खौला देखि कोरेसल्लासम्म घोरेटो बाटो निर्माण वडा नं. १

**तटबन्धन तर्फ**

१.चुलीगाड तटबन्धन निर्माण वडा नं. ७

२.कापसैन तटबन्धन निर्माण वडा नं. ७

३.कुइया खोला तटबन्धन निर्माण वडा नं. ६

४.भिटाघर देखि ठाडा ढुङ्गा तटबन्धन निर्माण वडा नं. ६

५.बाडी कुना देखि तलबाडासम्म जिउलो घेरबार निर्माण वडा नं. ७

६.पानी प्यामे देखि नाखार्जिन तटबन्धन निर्माण वडा नं. ३

**पर्यटन तर्फ**

१. कवा मष्टा मन्दिर निर्माण वडा नं. ७
२. धवलपुरा मन्दिर निर्माण वडा नं. ७
३. ईसेमी मन्दिर निर्माण वडा नं. ६
४. सुकीलहँस मन्दिर निर्माण वडा नं. ६
५. कैलास मन्दिर निर्माण वडा नं. ६
६. बाना देव फिल्ड निर्माण वडा नं. ६
७. भैरव मन्दिर निर्माण वडा नं. ६
८. रोकाया मन्दिर निर्माण वडा नं. ६
९. समैजु मन्दिर निर्माण वडा नं. ४
१०. बाहुन मष्टा मन्दिर निर्माण वडा नं. ४
११. कैलास मन्दिर निर्माण वडा नं. १
१२. ठिन्केनी धुपदिना मन्दिर निर्माण वडा नं. १
१३. यूना माई मन्दिर निर्माण वडा नं. ३
१४. समईज्यु मन्दिर निर्माण वडा नं. ३
१५. ठुलाकोट महादेव मन्दिर निर्माण वडा नं. २
१६. तल्लो रुम्दी खापर देवको मन्दिर निर्माण वडा नं. २
१७. कोट माईको मन्दिर निर्माण वडा नं. २
१८. मष्टा मन्दिर निर्माण वडा नं. ५
१९. खापर भेराल मन्दिर निर्माण वडा नं. ५
२०. ब्रहम मन्दिर निर्माण वडा नं. ५
२१. मष्टा मन्दिर निर्माण वडा नं. ५

**<u>अन्य योजना तर्फ</u>**

१. धाराढिल आधुनिक घट्ट निर्माण वडा नं. ६
२. पेठेवास्ना आधुनिक घट्ट निर्माण वडा नं. १
३. तरीखोला आधुनिक घट्ट निर्माण वडा नं. १
४. सिउडेनी काठे पुल निर्माण वडा नं. १
५. च्याचौर च्याखोला काठे पुल निर्माण वडा नं. १
६. बाँधु बगर कपास खेती वडा नं. ७

७. महिला मञ्च भवन निर्माण वडा नं. ७

उपाध्यक्ष ज्यु लगाएत गाउँसभाका सम्मपूर्ण माननिय सदस्य ज्यूहरु
हाल प्रस्तुत गरिएको बजेट तथा कार्यक्रमले हिमाली गाउँपालिकाको समग्र निती तथा कार्यक्रम माथि लक्ष्य हाँसिल गर्न मेरो प्रयास सँगै सम्पूर्ण जनप्रतिनिधि ज्युहरु, राजनीतिक दलहरु, राष्ट्र सेवक कर्मचारी, पत्रकार, साझेदार सम्पूर्ण संघ सँस्थाहरु, वुद्धिजीवि, समाजसेवि तथा सम्पूर्ण हिमाली आमा, बुवा, दाजुभाइ, दिदी बहिनीहरुको सामुहिक प्रयासबाट विद्यमान रोग, भोग र प्रकोपजन्य महामारि माथि विजय हाँसिल गर्न हामि सबैको प्रयासबाट सम्भव छ।
प्रस्तुत बजेट तथा कार्यक्रम निर्माण तथा तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोपक्षरुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुलाइ हार्दिक धन्यवाद का साथै आभार प्रकट गर्दछु।

# धन्यवाद